# स्थानीय निकाय संघ महासंघ केन्द्रिय समन्वय समिति

**(जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ, गाविस राष्ट्रिय महासंघ नेपाल)**

**मितिः– २०७१/०५/२६**

## प्रेस विज्ञप्ति

यही मिति २०७१ साल भाद्र २६ गते स्थानीय निकायका संघमहासंघ केन्द्रीय समन्वय समितिको आकस्मिक बैठक बसी स्थानीय लोकतन्त्र तथा स्थानीय स्वायत्त शासनका समसामयिक बिषयमा भएका निर्णयहरु निम्नानुसार सार्वजनिक गर्दछौं ।

१. नेपाल सरकारले आगामी आ.व. २०७१/७२ को बजेट तथा कार्यक्रममा *निर्वाचन क्षेत्र विकास कार्यक्रम*का नाममा रू. एक करोड बजेट विनियोजन गरी संविधानसभा तथा व्यवस्थापिका संसद सदस्यहरुमार्फत स्थानीय योजनाको छनौट तथा कार्यक्रम सञ्चालन गर्ने भन्ने बिषयप्रति यस अगावै स्थानीय निकायका तीनवटै संघमहासंघले गम्भीर असहमति व्यक्त गरिसकेको विषय पुनः स्मरण गराउन चाहन्छौं ।

२. हाल आएरसंविधानसभा तथा व्यवस्थापिक संसद सदस्यबाट स्थानीय निकायमार्फत सञ्चालन गरिने कार्यक्रहरु गर्नेगरी नेपाल सरकारबाट निर्देशिका तथा कार्यविधि तयार भइरहेको भन्नेतर्फ हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रकारकारको योजना छनौट, बजेट विनियोजन तथा खर्च प्रक्रियासम्वन्धी विषय अन्तरिम संविधान २०६३, स्थानीय स्वायत्त शासन ऐन, नियम तथा अन्य प्रचलित कानुनको व्यवस्था, समावेशी तथा सहभागितामूलक योजना तर्जूमा पद्धति र विकेन्द्रिकरणको मर्म र भावनाको विपरित हुनुका साथै संविधानसभाका सदस्यहरु संविधान निर्माणको विधायिकी कामभन्दा कार्यकारी काममा लागिरहनुपर्ने भई शक्तिको पृथकीकरणमासमेत आघात पर्ने भई स्थानीय लोकतन्त्रको जग नै खल्बलिने एवम् जनताबाट आलोचित भइरहनुपर्ने अवस्था आउने भएकोले यस खालको पहलप्रति स्थानीय निकायका संघ महासंघहरुको संयुक्त बैठक गंभीर आपत्ति प्रकट गर्दै कडा विरोध गर्दछ ।

**३.** साथै स्थानीय तहमा जनपरिचालन सहित प्रभावकारी कार्यान्वयनका लागि आगामी आ.व. २०७१/७२ को नीति, बजेट तथा कार्यक्रममा स्थानीय निर्वाचन गर्न प्राथमिकतासाथ बजेट विनियोजन भएकोप्रति यो बैठक खुसी व्यक्त गर्दै अविलम्व स्थानीय निर्वाचनको तिथि मिति तोक्न सम्बन्धित निकायमा माग गर्दछ ।



| | | |
|---|---|---|
| डोरमणी पौडेल | भीमप्रसाद ढुङ्गाना | कृष्ण प्रसाद जैशी |
| अध्यक्ष | महासचिव | प्रवक्ता |
| नेपाल नगरपालिका संघ | गाविस राष्ट्रिय महासंघ नेपाल | जिविस महासंघ नेपाल |